# स्थानीय रोजगार रणनीति

(आ.व. २०८१/०८२-२०८५/०८६)

## सूर्यविनायक नगरपालिका

### नगरकार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर

स्वीकृत मितिः २०८१/०२/३० गते

विषय सूची


खण्ड- १ रणनैतिक सन्दर्भ (Strategic Context) .... 3

१. पृष्ठभूमि .... 3

२. रोजगार रणनीतिको आवश्यकता/औचित्य .... 5

३. अध्ययन पद्धतिः .... 7

४. क्षेत्र .... 7

५. सीमा- .... 8

खण्ड- २ **वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)** .... 8

२.१ रोजगारीको वर्तमान अवस्थाको विश्लेषणः .... 8

२.२ सूर्यविनायक नगरपालिकामा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको विवरण .... 9

**खण्ड- ३ रणनैतिक विश्लेषण (Strategic Analysis)** .... 12

अनुसूचीहरु .... 22



सूर्यविनायक नगरपालिका, स्थानीय रोजगार रणनीति

# खण्ड- १ रणनैतिक सन्दर्भ (Strategic Context)

## १. पृष्ठभूमि

श्रम मानव जीवन, व्यक्तित्व र सभ्यताको विकासको आधार हो । मानवोचित जीवनयापनका लागि आयमूलक रोजगारीका अवसरहरुको सिर्जना हुनु आवश्यक छ । पेशा वा रोजगारीबाट नै समाजमा आयको वितरण हुने हुँदा काम गर्न पाउने अधिकारलाई व्यक्तिको आधारभूत मौलिक अधिकार मानिन्छ, त्यस्तै आयमूलक रोजगारीको अवसरहरुको सिर्जना नै गरिबी निवारणको प्रमुख माध्यम हो । यस परिप्रेक्ष्यमा, देशका सबै नागरिकहरुका लागि आयमूलक रोजगारीका अवसरहरुमा विभेद रहित पहुँच सुनिश्चित गरी न्यूनतम सामाजिक तथा व्यवसायिक सुरक्षा सहितको मर्यादित, शोषणमुक्त एवं न्यायपूर्ण जीवनयापन गर्न सक्ने वातावरणको सिर्जना गरिदिनु राज्यको दायित्व हुन आउँछ ।

रोजगारी एक गतिशिल, बहुआयामिक एवं आर्थिक वृद्धिको गति, ढाँचा र प्रवृत्तिमा निर्भर हुने विषय हो । आर्थिक वृद्धिका साथसाथै रोजगारदाता तथा कामदारहरुबीच परस्पर विश्वास र लाभमा आधारित सुमधुर श्रम सम्बन्धको स्थापना उत्पादकत्व वृद्धिका लागि आवश्यक हुन्छ। उत्पादकत्व वृद्धिबाट लगानीमा वृद्धि हुन गई रोजगारीका थप अवसरहरु सिर्जना हुने गुणात्मक चक्र (Virtuous Cycle) को स्थापना हुन सक्छ । त्यसैले असल औद्योगिक सम्बन्धको विकास गरी श्रम बजारको लचकता, उत्पादकत्व र सामाजिक सुरक्षाबिच सन्तुलन कायम गर्न आवश्यक छ ।

मलुक भित्र मर्यादित श्रम (Decent Work) को लागि आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने, श्रमिकको हकहित एवं पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्य वातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन हुदैं आएको छ ।

श्रम तथा रोजगारी अन्तरसम्बन्धित विषय भएको हुनाले समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास लगायतका काम र श्रमिक प्रतिको धारणाले यसलाई प्रत्यक्ष असर पारेको हुन्छ । काम र श्रमिकप्रतिको समाजको मूल्य धारणा तथा मान्यतामा सापेक्ष परिवर्तन भएमा मात्रै आन्तरिक रोजगारीमा मुलुकभित्रै युवा शक्तिलाई परिचालन हुन सहज देखिन्छ।

नेपालको संविधानको अनुसूची ९ मा व्यवस्था भएको साझा अधिकार र अनुसची ८ मा व्यवस्था गरिएको एकल अधिकारहरुको कार्यान्वयन गरी आम नागरिकको नजिकमा सरकार भएको अनुभूति दिलाउदै स्थानीयस्तरमा भएका सीप, प्रविधि र जनशक्तिको उच्चतम प्रयोग गरी रोजगारीका अवसरहरु सिर्जना गर्नुपर्ने जिम्मेवारी स्थानीय सरकारको काँधमा रहेको छ।

### १.१.२. विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाः

### क. संवैधानीक व्यवस्था

नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा तीनवटै तहका सहकारको अधिकारको सूची छ । मन्त्रालयको अधिकारमध्ये सामाजिक सुरक्षालाई संघको एकल अधिकार, संघ र प्रदेशको साझा अधिकार साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको छ । बेरोजगारको तथ्यांक संकलन स्थानीय सरकारले काम गर्दै आएको छ ।

- संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ । धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक,सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको बारेमा उल्लेख गरिएको छ । धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।
- संविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिबृद्धि गर्ने, मर्यादित श्रमको अवधारणाअनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ५१(ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीतिमा राज्यले असायक अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ

### ख. नीतिगत तथा कानूनी व्यवस्था

#### (१) नीतिगत व्यवस्था

- प्रदेश श्रम तथा रोजगार नीति, २०८०
- राष्ट्रिय रोजगार नीति, २०७१
- वैदेशिक रोजगार नीति, २०६८

#### (२) कानून व्यवस्था

- स्थानीय सरकार संचालन ऐन, २०७४
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना (०७९/८०-०८३/८४)

- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८
- रोजगारोक हकसम्बन्धी ऐन र नियमावली, २०७५
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- वैदेशिक रोजगार ऐन र नियमावली २०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली २०६८
- वोनस ऐन र नियमावली २०३९
- ट्रेड युनियन ऐन २०४९ र नियमावली २०५०
- बालश्रम ऐन २०५६ र नियमावली २०६२
- श्रम ऐन २०७४ र नियमावली २०७५
- सामाजिक सुरक्षा ऐन, २०७४ र नियमावली, २०७५
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५
- पन्ध्रौ योजना (आ.ब. २०६७/७७-२०८०/८१)

## २. रोजगार रणनीतिको आवश्यकता/औचित्य

नगरपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सृजना गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरु निर्माण, उत्पादन, यातायात, पर्यटन, उद्यमशीलता विकास र सीप तथा क्षमता विकास हुन उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा वा के-कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारी अवसरहरु अधिक रुपमा वृद्धि गर्न सकिन्छ । नगरपालिकाले के केस्तो रणनीति अपनाउँनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीप मूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी औधोगिक उत्पादनमा बृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत र साधनको अधिकतम् परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरु सिर्जना गर्नु आवश्यक रहेको छ । त्यसै गरि नगरपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मेसन, स्काफोल्डर, मार्बल फिटिङ्ग लगायत अन्य श्रमिक मजदुरहरु मध्ये अधिकांश भारतीय मुलुकका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन् । यी क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजारको मागको आधारमा दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी भारतीय मुलुकका श्रमिक मजदुरहरुलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ ।

उद्यमशीलता उत्पादन र स्वरोजगारीको महत्वपूर्ण साधनको रुपमा रहेको छ । स्थानीय स्तरदेखि नै उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न उद्यमशीलताको विकास अपरिहार्य रहेको छ । बढ्दै गएको बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगारहरुलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पूँजी र प्रविधिको उपलब्धताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तीय पहुँच, व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरी दक्ष, सक्षम र उत्पादनशील जनशक्ति

उत्पादन गर्नु पर्छ वैदेशिक रोजगारीबाट प्राप्त सीप ,पूँजी, प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरी नगरपालिकाभित्र आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गरी नगरपालिकाभित्रबाट बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्दै जानुपर्दछ ।

स्थानीय तहले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरी नक्सांकन गर्न जरुरी छ । पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ । श्रमिकहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप वा दक्षताको अनुमान गरी माग र आपूर्ति बीच सन्तुलन कायम गर्नुपर्दछ । स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य रहेको देखिन्छ ।

रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पुग्ने देखिन्छ । यस नगरपालिकाको वार्षिक कार्यक्रम र आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यहरु बिचमा तादम्यता स्थापना गरी विद्यमान समस्याहरुको उजागर र चनुौतीको आँकलन गर्दै विगतदेखी वर्तमानसम्म नगरपालिकाले हाँसिल गरेको उपलब्धी, नगरपलिकाबाट सम्पादन हुने सेवाको समयसापेक्ष रुपान्तरण गर्न र श्रम तथा रोजगारी क्षेत्रको दीर्घकालीन सोच सहितको रणनीति तय गर्न आवश्यक दखिएको र नीतिगत तथा कानूनी व्यवस्थालाई एकीकृत एवं प्रभावकारी रुपमा कार्यन्वयन गर्दै स्थानीय स्तरमा मर्यादित रोजगारीको विकास र उपयोग गर्न यो रणनीतिक योजना तयार गरिएको हो ।प्रस्तुत सन्दर्भमा यस रणनीतिक योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ,

- श्रम तथा रोजगार सम्बन्धि दीर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम बीच सामञ्जस्यता कायम गर्न,
- नगरपालिका भित्र मर्यादित रोजगारीको लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने ,
- सुरक्षित, मर्यादित र व्यवस्थित वैदशिक रोजगार, श्रम र सीपको माग र आपूर्तिमा तादम्यता, योगदानमा
- आधारित सामाजिक सुरक्षाको दायरा विस्तार जस्ता कार्यमा वस्तुनिष्ठ सूचक र समयसीमा सहितको स-स्पष्ट मार्गचित्र तयार गर्न,
- श्रम र वैदशिक रोजगार सम्वन्धी सेवालाई जवाफदेही, पारदर्शी, सदाचार, जनमुखी, सूचना प्रविधिमैत्री, नतिजा उन्मुख र व्यवसायिक बनाई सशुासन प्रवर्द्धन गर्न,
- न्युनतम रोजगारीमा मार्फत पूर्वाधार विकास र उत्पादनशिल रोजगारीमा धेरै नागरिकलाई सहभागिता गराउन,
- संघ, प्रदेश र स्थानीय तह बिच समन्वय, सहकार्य एवं सहयोगका क्षेत्रहरुको पहिचान गरी अन्तर सरकारी सम्बन्धलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यनिति तय गर्न ।
- राष्ट्रिय रोजगार नीति २०७१ को लक्ष्य उद्देश्य हासिल गर्न ।

## ३. अध्ययन पद्धतिः

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन गर्न प्राथमिक स्रोतको रुपमा स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन,२०८० ले निर्धारण गरेका अनुसूचि २ र ३ मा प्रश्नावलीहरुलाई प्रयोग गरिएको छ साथै रणनीति निर्माणको लागि स्थानीय निर्देशक समितिलाई नै स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने जिम्मेवारी तोकी नगरपालिकाभित्रको रोजगार अवस्था र सम्भावना स्थलगत अध्ययन, भ्रमण प्रश्नावली तथा अभिलेख अध्ययन र बिश्लेषण गरी  रोजगार रणनीति तर्जूमाको लागि आवश्यक तथ्यांक संकलन गरेको छ । त्यसै गरी सेकेन्डरी स्रोतमा नेपालको संविधान, संघिय प्रादेशिक तथा स्थानीय ऐन, नियमावली निर्देशिका, कार्यविधिहरु  तथा  श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार सचिवालय लगाएतका निकायबाट प्राप्त जानकारीलाई एकिकृत गरी गुणात्मक विधिमा आधारित भएर रणनीति योजना तयार गरिएको छ ।

## ४. क्षेत्र

स्थानीय तहमा रोजगार प्रवर्द्धनको लागि देहायका क्षेत्रलाई समेटिने छः-

- **कृषिः** कृषि क्षेत्र अन्तर्गत पशुपालन, तरकारी खेति, कृषि बाली, मत्स्य पालन, कुखुरा पालन आदि ।
- **उद्योगः** उद्योग अन्तर्गत साना तथा घरेलु उद्योग, स्थानीय तहमा सञ्चालित उद्योग कलकारखाना, खानी तथा उत्खनन
- **व्यवसायः** निर्माण व्यवसायी, यातायात तथा भण्डारण, खुद्रा तथा होलसेल व्यापार, सेवा तथा परामर्श सम्बन्धी. रियलस्टेट सम्बन्धी
- **वित्तीयः** स्थानीय तहमा सञ्चालित बैंक, सहकारी, इन्सुरेन्स सेवा
- **पर्यटनः** होटल तथा रेस्टुरेन्ट, होमस्टे, पदमार्ग, ऐतिहासिक,पुरात्वातिक र धार्मिक स्थल संरक्षण र प्रवर्द्धन
- **वातावरणः** सरसफाइ, ढल तथा फोहोरमैला व्यवस्थापन, सामुदायिक वन तथा पर्यावरण संरक्षण
- **संघ संस्थाः** सार्वजनिक तथा निजि विद्यालय, सरकारी तथा गैर सरकारी संस्था

## ५. सीमा-

नेपालको संविधान, रोजगार सम्बन्धी ऐन, नियम, नीति लगायत नगरपालिकाले अपनाएका नीति तथा कानूनहरु अध्ययनमा आधारित रहि यस नगरपालिकाक्षेत्र भित्रका स्थानिय स्रोत साधन, सामाजिक तथा आर्थिक अवस्था, भौगोलिक परिवेश र परिस्थिति र स्थानिय स्तरमा रोजगारी सृजनाको अवस्था र अवसरहरुको अध्ययन यस रणनितिको सिमा रहेको छ ।

## खण्ड- २ **वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)**

### २.१ रोजगारीको वर्तमान अवस्थाको विश्लेषणः

नेपाल श्रम सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत छ भने पुरुष र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ । यसैगरी सहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी छ । बेरोजगारी दरलाई प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत मात्र छ । नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत छ । यसैगरी पुरुष र महिलाको श्रम शक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत छ । प्रदेश अनुसार श्रम शक्तिमा सहभागिता दर सबैभन्दा बढी बाग्मती प्रदेशमा ४७.१ प्रतिशत छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत छ ।नेपालमा रोजगारीमा ३४.२ प्रतिशत जनसंख्या छ । रोजगारीमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ । अनौपचारिक तथा असंगठित क्षेत्रमा ६२.२ प्रतिशत व्यक्तिहरू दैनिक ज्यालादारी, मजदुरी तथा श्रमिकको रुपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ ।

सन् २०२२ मा विश्वव्यापी रुपमा बेरोजगारी दर ५.९ प्रतिशत रहने अनुमान गरिएको छ भने दक्षिण एसियाको ५.६ प्रतिशत रहने अनुमान छ । त्यस्तै विश्वको श्रमशक्ति सहभागिता दर ५९.३ प्रतिशत रहने छ भने दक्षिण एसियाको ४८.१ प्रतिशत रहने छ । विश्व श्रम बजारमा रोजगारीमा रहेको जनसंख्या ५५.८ प्रतिशत छ भने दक्षिण एसियाको बजारमा रोजगारीमा रहेको जनसंख्या ४५.४ प्रतिशत रहेको छ ।

सूर्यविनायक नगरपालिका स्थानिय रोजगार रणनीति २०७९/०८०-२०८५/०८६

**सूर्यविनायक नगरपालिकाको परिवार र जनसंख्या विवरण**

| जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औषत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | जनघनत्व | साक्षरता दर (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| १,४०,०८५ | ६९,९१५ | ७०१७० | ३.९१ | ९९.६४ | ५.५६ | ३३०० | ८८.६२ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## २.२ सूर्यविनायक नगरपालिकामा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको विवरण

आ.व. २०७९-८०मा वडागतरुपमा संकलन भएको तथयाङ्कको आधारमा सूर्यविनायक नगरपालिकामा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको विवरण निम्नानुसार रहेको छ। यसरी वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप तथा पूँजीलाई उपयुक्त ठाउमा परिचालन गर्न सकेमा आन्तरिक रोजगारीको प्रवद्धन गर्न सकिने देखिन्छ।

सूर्यविनायक नगरपालिकाबाट आ. व. २०७९/८० मा संकलन गरिकएको तथ्याङ्क बमोजिम जम्मा ७३ जना वैदेशिक रोजगारीमा गएर फर्किएको देखिन्छ ।

| वडा नं | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको संख्या |
|---|---|
| १ | १ |
| ५ | १२ |
| ६ | १ |
| ७ | ११ |
| ८ | ४ |
| ९ | ९ |
| १० | ३५ |

२०७८ को जनगणना अनुसार नगरका १,४०,०८५ जनसंख्याहरू मध्ये आम्दानीको प्रमुख स्रोत कृषि हुने जनसंख्याको सङ्ख्या १०,०७२ अर्थात् १४.४४ प्रतिशत, दोस्रोमा प्रमुख स्रोत सामान्य वा प्राथमिकबाट आम्दानी हुनेको जनसङ्ख्या १६८४५ अर्थात् २४.१४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी तेस्रोमा व्यवस्थापकबाट आम्दानी गर्नेको जनसंख्या १००२६ अर्थात् १४.३७ प्रतिशत, चौथो र पाँचौमा क्रमशः सेवा तथा बस्तु बिक्री र शिल्पकला तथा कारिगरी बाट हुने ६९५६ अर्थात ९.९७ प्रतिशत र ७८३१ अर्थात ११.२२ प्रतिशत रहेको छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आम्दानीको मुख्य स्रोत परम्परागत कृषि हुनुले यहाँ ठूलो सङ्ख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा मानिसको संलग्नता कम रहेको छ । नगर क्षेत्रभित्र स्वेच्छिक बेरोजगारी गणना गर्दा काम गर्ने उमेरको जनसङ्ख्याको ६.३ प्रतिशत अर्थात ३,६३२ जना प्रत्यक्ष रूपमा बेरोजगारको अवस्थामा रहेका छन् । अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसङ्ख्या उच्च हुँदा नगरपालिकाको विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ । यहाँ भैरहेको युवा जनशक्ति रोजगारका लागि बाहिर जाने र नगरको विकासका लागि गरिने सार्वजनिक निर्माण

तथा सेवा क्षेत्रमा अधिकांश बाहिरका व्यक्ति (विशेषगरी भारतीय कामदार) लाई काममा लगाउनु पर्ने बाध्यता छ ।

| **क्षेत्र, लिंग र पेशा** | **जम्मा** | **रोजगारीको अवस्था** | | | | |
|---|---|---|---|---|---|---|
| | | **कर्मचारी** | **रोजगारदाता** | **आफ्नै काम** | **परिवारको सहयोगी काम** | **उल्लेख नभएको** |
| **सूर्यविनायक नगरपालिका** | **६९,७७४** | **३५,९७१** | **२,००३** | **२४,७९०** | **६,९९२** | **१८** |
| सशस्त्र बल | ९८९ | ९८९ | ० | ० | ० | ० |
| व्यवस्थापक | १०,०२६ | ३,१७५ | १,२९६ | ५,५५१ | ० | ४ |
| पेशागत | ६,४२४ | ५,६८८ | १४६ | ५८० | ७ | ३ |
| प्राविधिक र सहयोगी पेश | ४,७७५ | ४,०५१ | ८१ | ६२३ | १८ | २ |
| कार्यालय सहायक | २,९०२ | २,५८२ | ४३ | २३८ | ३९ | ० |
| सेवा र विक्री कामदार | ६,९५६ | ३,७१४ | १५२ | २,७१४ | ३७४ | २ |
| दक्ष कृषि, मात्यपालन र वनका कामदारहरु | १०,०७२ | ३३२ | ४३ | ९,०८७ | ६१० | ० |
| शिल्प र सम्बन्धित व्यापारिक कामदार | ७,८३१ | ५,६३० | १७५ | १,९४७ | ७६ | ३ |
| प्लाण्ट र मेशिन चलाउने तथा बनाउने | २,९१४ | २,१८५ | ४१ | ६८० | ६ | २ |
| प्राथमिक कामदारहरु | १६,८४५ | ७,५९७ | २६ | ३,३५९ | ५,८६१ | २ |
| पेशा उल्लेख नगरिएको | ४० | २८ | ० | ११ | १ | ० |
| **पुरुष** | **३८,४९७** | **२१,२८०** | **१,५८९** | **१२,९५७** | **२,६६१** | **१०** |
| **महिला** | **३१,२७७** | **१४,६९१** | **४१४** | **११,८३३** | **४,३३१** | **८** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

आर्थिक रुपमा सक्रिय जनसंख्या समुहमा रहेका मानिसहरुले विभिन्न गतिविधिहरु गरिरहेका हुन्छन्। जस्मा ३५,९७१ जनाले रोजगारी गरिरहेका छन् भने २,००३ जना रोजगारदाता नै रहेका छन् उनीहरुले केहीलाई भएपनि रोजगारी प्रदान गरेका छन् । २४,७९० जनाले आफ्नै काम गरिरहेका छन् भने ६,९९२ जनाले परिवारको काममा सहयोग गरिरहेको देखिन्छ ।

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दीगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ । पन्ध्रौ योजनाले आ.व. २०८०/०८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत

र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ । त्यस्तै आ.व. २०८०/०८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र वि.सं. २१०० सम्ममा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशतलाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ ।

## २.३ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात प्राप्त हुने अवसर र उपलव्धिः

**अवसर**

- नगरभित्र आर्थिक गतिविधि बढ्न गई युवाहरुलाई उद्योग व्यवसाय गर्ने बातावरण सृजना हुने ।
- परिणात्म र गुणात्मक रोजगारी सृजना हुने ।
- आन्तरिक रोजगारीमा विश्वसिलो दीगो माग र आपुर्तिमा प्रणालीको विकास हुने ।
- न्यूनतम रोजगारीमा अहिले चुनौतीलाई दीगो रोजगारीका अवसरमा रुपान्तरण हुने ।
- युवाहरुलाई कृषि, पशुपालन र जडिबुट्टि सम्बन्धि कार्यमा संलग्न हुने ।

**उपलव्धि**

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुनेछ ।
- सीपपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ ।
- श्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित भएको हुनेछ ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउन सहयोग पुग्ने छ ।
- बेरोजगार युवाहरु आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार भई कार्यान्वन भएको हुनेछ।
- बैदेशिक रोजगारीलाई सुरक्षित उपलव्धिमूलक बनाउन परार्मश सेवा तथा अन्य सेवा संचालनमा विश्वसनीयता बढेको हुनेछ ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुने छ ।
- दीगो र उत्पादनशील रोजगारिका क्षेत्रमा पूर्वाधार निर्माण भएको हुनेछ ।
- दीगो रोजगारीका लागि उद्यमशीलताका नयाँ क्षेत्र पहिचान भई वार्षिक दीगो रोजगारीमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तीन तहको रोजगारीका कार्यक्रमलाई एकीकृत गराउन सहयोग पुग्नेछ ।

## खण्ड- ३ रणनैतिक विश्लेषण (Strategic Analysis)

नगरपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलव्धिमूलक नभएको अवस्था रहेको छ ।संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तिन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र न्युनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा रहेको छ।हरेक वर्ष बैदेशिक रोजगारीमा जानेको स्ख्या बढ्दो क्रममा रहेको छ।यस्तो वर्तमान अवस्थामा आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाइ गाउँमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा रहेको छ ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परार्मश सेवा सेवा संचालन गर्नु ।

## खण्ड- ४ रणनैतिक सवालहरू (Strategic Issues)

रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु, घरेलु तथा साना उद्योग धन्दाको कमी हुनु, उद्यमशिलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु, काम प्रति सम्मानको कमी हुनु, श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, उत्पादनशील रोजगारी पर्याप्त रुपमा सृजना हुन नसक्नु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरुको पहिचान एवं सूचिकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरु रहेका छन् । रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु, नगरपालिकामा रहेका रोजगारीका अवसरहरुको पहिचान तथा नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार गर्नु, रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, स्थानीय पाठ्यक्रमलाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु आदि रोजगारीका मुख्य चुनौतीहरुको रहेको छ।

श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा मौलिक हकको रुपमा स्थापित हुनु, श्रम तथा रोजगारमैत्री कानूनहरु निर्माण हुनु, रोजगार सेवा केन्द्रको स्थापना हुनु, श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु

स्थानीय तहसम्म विस्तार हुदै जानु, न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु, रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्नु, न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु, युवाहरुमा उद्यमशील भावनाको विकास हुदै जानु, आर्थिक गतिविधिहरुमा बढोत्तरी हुनु, लगानीमैत्री वातावरणको अवस्था तयार हुदै जानु, प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच विस्तार हुदै जानु, जनसांख्यिक लाभको अवस्था अझै केहि वर्ष कायमै रहनु आदि रोजगारीका अपलब्धीहरु रहेका छन् ।

नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलव्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिबृद्धि गरि रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीक हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाइ उपलव्धि मूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, बैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारीका क्षेत्र पहिचान गर्न, उद्यमशीलता विकास मार्फत जीवनस्तरमा सुधार ल्याउनु आदि रणनीतिक सवाल रहेका छन ।

## खण्ड- ५ दूरदृष्टि, ध्येय र उद्देश्य (Long-term Vision, Mission and Objectives)

**दूरदृष्टि-** "एक वडा एक उद्योग, एक घर एक रोजगार को नीति लिई नगरमा पर्याप्त र आकर्षक रोजगारीका अवसर सिर्जना गर्ने"

**लक्ष्य-** सुचिकृत बेरोजगारलाई रोजगारीको प्रत्याभुति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेकोछ ।

**उद्धेश्य-**

- नगरस्तरको श्रम सर्वेक्षण गरी रोजगारीको अवस्था अद्यावधिक गर्ने ।
- श्रम सर्वेक्षण बमोजिम क्षेत्र पहिचानका आधारमा उद्यमशीलता तथा स्वरोजगार प्रवद्र्धनका कार्यक्रमका सूची तयार गर्ने।
- व्यवसायिक खेती, सीपमा आधारित व्यवसाय, कृषि तथा स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योगका लागि आवश्यक छोटो तथा लामो अवधिको सीपमूलक कार्यक्रम तय गरी सञ्चालनका लागि तालिम प्रदायक तथा सहयोगी निकाय पहिचान गर्ने।
- स्थानीय आवश्यकता अनुसार नगरमा स्थायी बसोबास गरी उद्यम शुरु गर्न चाहने बेरोजागार जनशक्तिलक्षित गरी इलेक्ट्रिसियन, वेल्डिङ, अटोमोवाइल, काष्ठ सामाग्री उत्पादन, पलम्बर, तरकारी खेती, पशुपालन आदि तालिम सञ्चालन वा बाह्य निकायबाट सञ्चालन हुने तालिममा सहभागिताका लागि नगरका तर्फबाट सहयोग र समन्वय गर्ने ।
- सूचीकृत वेरोजगार जनशक्तिलाई दक्ष बनाउनको लागि जीवन उपयोगी सीप विकास तालिमहरु संचालन गर्ने ।
- विकास निर्माणका योजनाहरु र नगरक्षेत्रमा संचालन हुने संघ संस्था उद्योगहरुमा नगरमा सूचीकृत बेरोजगारीहरुलाई प्राथमिकता दिने ।

- बढी बेरोजगार भएका वडाका सिमान्तकृत महिलाहरू मध्ये उद्यम सञ्चालन गर्ने चाहना र योजना भएका लागि विभिन्न (ब्युटीपार्लर, झोला, सिलाई बुनाई, स्यानेटरी प्याड, मास्क, अचार, पाउरोटी आदि) तालिमदिने र सम्बन्धित सीपमा आधारित उद्यम सञ्चालनका लागि सरल कर्जाका लागि सहजीकरण र प्राविधिक सहायता उपलब्ध गराउने ।
- प्राथमिकता बमोजिम शिक्षित तथा अर्धशिक्षित युवा जनशक्ति मध्ये सहकारी सेवा, होटल कुक तथा हस्पिटालिटी, टुरिष्ट गाइड, होमस्टे सञ्चालन तथा व्यवस्थापन आदि विषयमा तालिम उपलब्ध गराउने (सम्बन्धित विषयसँग आवद्ध सरकारी, गैरसरकारी वा निजी क्षेत्रसँग समन्वय गर्ने ।
- स्वरोजगारीका गतिविधि सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था (सहकारी समेत) बाट सहुलियतमा कर्जा उपलब्ध गराउन योग्य संस्था छनोट गरी सम्झौता गर्ने ।

## खण्ड- ६ रणनैतिक लक्ष्यहरू (Strategic Goals)

- उत्पादनशील रोजगारीका अवसरको अभिबद्धि,
- मर्यादित श्रमको सनिश्चितता गरी श्रमको अधिकतम उपयोग र योगदानमा आधारित सामाजिक सुरक्षा मार्फत सामाजिकसंरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने।
- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परामर्श सेवा सेवा संचालन गर्नु ।
- .कृषि उद्योग तरकारी, फलफुल खेति च्याउ खेती, पर्यटन प्रवद्धन मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु।
- वैदेशिक रोजगारबाट फर्कने युवालक्षित स्वयं छनोट गरिएको स्वरोजगारीको विकल्प कार्यान्वनयका लागि व्यवसाय योजना निर्माण, सीप, प्राविधिक सहयोग, परामर्श र वित्तीय सहजीकरण गर्ने ।

## खण्ड- ७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरू (Major Strategies)

### रणनीतिक स्तम्भ

रणनीति योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति।

स्तम्भ- ३: बैदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

स्तम्भ- ४: रोजगारमूलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री ।

७.२ **रणनीति तथा कार्यनीति**

| रणनीतिक स्तम्भ- १:<br>आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने। । | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने सीप सिकएर न्यूनतम रोजगारीमा खटाइनेछ । |
| १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ उत्पादन हुने खाद्यन्न बालि, मसाला बालि, तरकारी पकेट, फलफुल खेती, पुष्प खेतीहुने क्षेत्रको जमिनको छनौट, परिक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्यन गरी नगरभित्र रोजगारीका अवसरको खोजी गरिनेछ । |
| रणनीतिक स्तम्भ- २:<br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | |
| २.१ जीवनउपयोगी सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । |
| २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिमको दिइ दक्ष बनाउने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ नगरपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायी, होटल व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । |
| स्तम्भ- नं. ३<br>बैदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | |
| ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ । |

| | |
|---|---|
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरि उत्पादनशिल रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने |
| स्तम्भ- नं.४<br>रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने। | ४.१.२ सीप विकास,सहुलियतापुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परार्मश सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखिनेछ ।<br>४.१.३ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने। |

## खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना ( Strategic Action Plan)

अनुसूची-५

**सूर्यविनायक नगरपालिकाको रोजगार रणनीतिक कार्यान्वियन कार्ययोजना**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्तम्भ नं.१<br>आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | | | | | | |
| रणनीति १.१ विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने। | | | | | | |
| कार्यनीति १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने परार्मश र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । | | | | | | |
| क्र.सं | क्रियाकलाप व कार्यक्रम | जिम्मेवारी निकाय/ शाखा | सहायक निकाय/ शाखा | समयवधि | कार्यसम्पादन सूचक | जोखिम |
| १.१.१.१ | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रो.से.के. | प्राविधिक शाखा योजना शाखा | ४ महिना भित्र | आयोजना छनौट भएको | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिको क्षमता हेरेर परार्मश र सीप सिकाउने | रो.से.के. प्राविधिक शाखा | योजना शाखा | बढीमा ७ दिन | मर्यादित कामको गुणस्तर देखिने | |
| रणनीति १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने | | | | | | |
| कार्यनीति १.२.१ उत्पादन हुने खाद्यन्न बालि मसाला बालि तरकारी पकेट क्षेत्रको जमिनको परिक्षण गरि उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने । | | | | | | |
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेति र जमिन छनौट गर्ने । | रो.से.के. | कृषि शाखा | ३ महिना | जमिनको छनौट भएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.२ | उत्पादनशिल रोजगारीको ढाँचा का लागि जग्गा धनि र कृषकविच सहयोगात्म भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने । | रो.से.के. | कृषि शाखा ,कृषक/फर्म/ सहकारी समुह र जग्गा धनि | १महिना | जग्गाधनि र कृषक विच सम्झौता भएको हुने | |
| १.२.१.३ | खालि भएका जमिनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरी फलफुल, फूल, तरकारी खेतीको पहल गर्ने | रो.से.के. | कृषि शाखा ,कृषक समुह र जग्गा धनि | १ महिना | तरकारी,फूल तथा फलफुल उत्पादन भएको हुने | |
| १.२.१.४ | १०० दिन भित्र उत्पादन भएका बस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने । | रो.से.के. | कृषि शाखा ,कृषक समुह, बजारव्यवस्थपक | १महिना | उत्पादन भएका बस्तु बजारमा गएको हुनेछ। | |
| १.२.१.५ | सूचिकृत बेरोगारलाई पशुपालन/तरकारी/फूल खेतिमा आवद्ध हुने बातावरण तयार गर्न आवश्यक पहल गर्ने | रो.से.के. कृषि तथा पशुपंक्षीशाखा | कृषि शाखा ,कृषक समुह , बजारव्यवस्थपक | ३० दिन | दुध,मासु, ,तरकारी, पूलको व्यापार भएको हुने | |
| स्तम्भ नं. २ **बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति** | | | | | | |
| रणनीति २.१ जीवनउपयोगि सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | | |
| कार्यनीति २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको प्रयोग गरि उद्यमशिलका कार्यक्रम संचालन गर्ने | रो.से.के. | सरोकारवाला सबै | ३० दिन | उद्यमशिल तालिम प्राप्त संख्या तयार | |
| २.१.१.२ | उद्यमशिलताका उत्पादित वस्तुको बजारीकरण गर्ने | रो.से.के. | सरोकारवाला सबै | ६ महिना | आय श्रोत बढेको | |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिमको दिइ दक्ष बनाउने । | | | | | | |
| २.२.२ | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपलाई अभिलेख राख्ने | रो.से.के. | तालिम प्रदायक निकाय | ३० दिन | सीप र अनुभव अभिलेखबाट संख्या | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यनीति २.३.१ नगरपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायी होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । | | | | | | |
| २.२.१ | बेरोजगार युवाहरुलाई न्यूनतम पारिश्रमिक दिइ रोजगार दिएका रोजगारदाता र श्रमिको अभिलेख राख्ने र रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्वन्धि सूचनाको आँकलन गर्ने । | रो.से.के. | सरोकारवाला सबै | १ मिहना | रोजगारदाताको विवरण प्राप्त | |
| २.२.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी कम्तिमा १०० दिनको रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने। श्रमिक र सीपको अभिलेख तयार गर्ने | रो.से.के. | सरोकारवाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको हुने र श्रमिक र सीपको विवरण प्राप्त | |
| स्तम्भ नं. ३<br>**बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग** | | | | | | |
| रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | | | | | | |
| कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ । | | | | | | |
| ३.१.१.१ | सीपको आधार तयार गरि बैदेशिक रोजगारमा जाने व्यक्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने | रो.से.के. | तालिम प्रदायक निकाय | १५ दिन | बैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | |
| ३.१.१.२ | बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परार्मश र अभिमुखिकरण गर्ने | रो.से.के. | तालिम प्रदायक निकाय | ७ दिन | देश र पेशाका बारेमा जानकार भएको | |
| रणनिति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप  ज्ञान प्रविधिको सदुपयोग गर्ने | | | | | | |
| कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप  ज्ञान प्रविधिलाई अभिलेखिकरण गरि उत्पादनशिल रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने | | | | | | |
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरको विवरण तयार अद्यावधिक गर्ने । | रो.से.के. | वडा कार्यालय | १ महिना | बैदेशिक रोजगारीबाट फर्केका विवरण प्राप्त हुने | |

| स्तम्भ नं.–४<br>**रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री** | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति ४.१.२ सीप विकास, सहुलियतापुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परार्मश सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाइनेछ । | | | | | | |
| ४.१.२.३ | रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने सेवा उलब्धि गराउने | रो.से.के. | निजी क्षेत्र | २ महिना | एकिकृत सेवा पाएका हुने | |
| ४.१.२.४ | संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रो.से.के. | सरोकारवाल ा निकाय सबै | ६ महिना | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको | |

## खण्ड- ९ श्रोत परिचालन र बजेट व्यवस्थापन ( Resource Mobilizations and Budget management)

सूर्यविनायक नगरपालिकाको वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारित भई तर्जुमा गरिनेछ ।रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमितरुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिब श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

| **रणनीतिक स्तम्भ** | **आर्थिक वर्ष** | | | | |
|---|---|---|---|---|---|
| स्तम्भ- १:<br>आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| | १० | २० | ३० | ४० | ५० |
| रणनीतिक स्तम्भ- २:<br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | १० | २० | ३० | ४० | ५० |

सूर्यविनायक नगरपालिका, स्थानीय रोजगार रणनीति २०८१/०८२-२०८४/०८५

| | | | | | |
|---|---|---|---|---|---|
| <u>स्तम्भ- नं. ३</u><br>बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | १० | २० | ३० | ४० | ५० |
| <u>स्तम्भ- नं. ४</u><br>रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | १० | २० | ३० | ४० | ५० |

सूर्यविनायक नगरपालिका, स्थानीय रोजगार रणनीति २०८१/०८२-२०८५/०८६

# **खण्ड –१०** रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्क सम्बन्धी व्यवस्था

( Steering Committee Monitoring and Evaluation )

### १०.१ **रणनीति कार्यान्वयन निर्देशक समितिः**

यस सूर्यविनायक नगरपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ।

(क) नगर कार्यपालिकाको प्रमुख - अध्यक्ष
(ख) नगर कार्यपालिकाको उप प्रमुख – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) नगर कार्यपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना - सदस्य
(ङ) रोजगार संयोजक - सदस्य सचिव

सूर्यविनायक नगरपालिका भित्र रहेका रोजगारदाताहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

### **१०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः**

(क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि नगर सभालाई सिफारिस गर्ने ।
(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने।
(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनिति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।
(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलव्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरि आवश्यक सुझाव दिने ।
(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।
(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।
(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।
(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने

खण्ड- ११

## जोखिम व्यवस्थापन ( Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरि देहाय बमोजिम उल्लेख गरिएको छ।

क) श्रोत व्यवस्थापन

ख) सरकारी गैरसरकारी र निजीक्षेत्रबिच प्रभावकारी समन्वय

ग) रोजगारी सम्बन्धी स्थानीय सरकारको अपनत्व

घ) शाखागत समन्वय

ङ) सरोकारवालाहरु निकायको दृष्टिकोण

च) प्रदेश र स्थानीय तहमा समन्वय

अनुसूचीहरु

सूर्यविनायक नगरपालिका, स्थानीय रोजगार रणनीति २०८१/०८२-२०८५/०८६